आज मिति २०८१ साउन २७ (ने.सं. ११४४ गुँलाथ्व ७ आइतबार) गते जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री अनिता निरौलाको अध्यक्षता जिल्ला विपद् व्यवस्थापन समितिका देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बैठकबसी तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.नं. | पदाधिकारीको नाम | पद | निकाय | प्रतिनिधित्व | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | श्री अनिता निरौला | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | अध्यक्ष | |
| २. | श्री चिना खड्का कार्की | प्रमुख | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य | |
| ३. | श्री लव श्रेष्ठ | नगर प्रमुख | मन्थली नगरपालिका | सदस्य | |
| ४. | श्री ~~लवश्री त्यौपाने~~ बाला कु. कार्की | उप नगर प्रमुख | रामेछाप नगरपालिका | सदस्य | |
| ५. | श्री शेर बहादुर सुनुवार | अध्यक्ष | उमाकुण्ड गाउँपालिका | सदस्य | |
| ६. | श्री ज्ञान कुमार श्रेष्ठ | अध्यक्ष | खाँडादेवी गाउँपालिका | सदस्य | |
| ७. | श्री काजी बहादुर खड्का | अध्यक्ष | गोकुलगंगा गाउँपालिका | सदस्य | |
| ८. | श्री मैन कुमार मोक्तान | अध्यक्ष | दोरम्बा शैलुङ गाउँपालिका | सदस्य | |
| ९. | श्री केशव महत | अध्यक्ष | लिखु तामाकोशी गाउँपालिका | सदस्य | |
| १०. | श्री ठुलोकान्छा तामाङ | अध्यक्ष | सुनापति गाउँपालिका | सदस्य | |
| ११. | श्री लेख बहादुर कार्की | उप सभमपति | नेपाली कांग्रेस | सदस्य | |
| १२. | श्री होतराज ढकाल | उपाध्यक्ष | नेकपा एमाले | सदस्य | |
| १३. | श्री हेमन्त पौडेल | प्रतिनिधि | नेकपा माओवादी | सदस्य | |
| १४. | श्री शिवजी घिमिरे | उपाध्यक्ष | राष्ट्रिय प्रजातन्त्र पार्टी | सदस्य | |
| १५. | श्री विकास पुलामी | प्रतिनिधि | नेकपा एकिकृत समाजवादी पार्टी | | |
| १६. | श्री प्रमोद पौड्याल | प्रमुख सेनानी | खड्गदल गण रामेछाप | सदस्य | |
| १७. | श्री प्रदिप कुमार सिंह | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय रामेछाप | सदस्य | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप

| सि.नं. | पदाधिकारीको नाम | पद | निकाय | प्रतिनिधित्व | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १८. | श्री सूर्यप्रकाश शर्मा | स.प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म | सदस्य | |
| १९. | श्री उमा अधिकारी | प्रमुख अनुसन्धान | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य | |
| २०. | श्री सजना अधिकारी | यो. प्र. | पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय | सदस्य | |
| २१. | श्री प्रकाश थापा | ~~सेवा केन्द्र~~ प. स्वा. प्रा. प्रमुख | पशु सेवा कार्यालय, जि. धुलीखेल पशु सेवा केन्द्र रामेछाप | सेवा केन्द्र प्रमुख | |
| २२. | ओम सागर आचार्य | DFO | डिभिजन वन कार्यालय, रामेछाप | प्रमुख | |
| २३. | विकास पोखरेल | जि. ई. इं. | ने. वि. प्रा. वितरण केन्द्र (मन्थली) | जि. ई. ई. | |
| २४. | युवराज खड्का | अधिकृत | भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछाप | | |
| २५. | रत्न प्रसाद कोइराला | अध्यक्ष | श्री ऐ. वि. महाविद्यालय रामेछाप | सदस्य | |
| २६. | हेरा कान्छी महर्जन | कार्यालय प्रमुख | पं. स्वा. तथा ढ. व्य. का. | प्रमुख | |
| २७. | अनिल प्रसाद अर्याल | डिभिजन प्रमुख | खा. पा. तथा स. डि. कार्यालय रामेछाप | सदस्य | |
| २८. | नेत्र प्रसाद गजुरेल | इकाई प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई रामेछाप | " | |
| २९. | सर्मिला फुयाल | कृ. अ. वि. (अर्थ) | कृषि विकास कार्यालय, रामेछाप | " | |
| ३०. | विजय श्रेष्ठ | सि. डिभिजन प्रमुख | जलस्रोत तथा सिंचाइ वि. डिभिजन | | |
| ३१. | ज्ञान बहादुर खड्का | अध्यक्ष | सा. व. उ. महासंघ FECOFUN रामेछाप | सदस्य | |
| ३२. | दुर्गा बहादुर श्रेष्ठ | मन्त्री | नेपाल रेडक्रस सोसाइटी रामेछाप जिल्ला शाखा | सदस्य | |
| ३३. | त्रिलोचन महर्जन | इन्जिनियर | मध्य पहाडी तथा नयाँ नगर निर्माण आयोजना रामेछाप | | |
| ३४. | राजेन्द्र बराल | सब-इन्जिनियर | खुर्कोट-रामेछाप घोघुटार सडक | | |
| ३५. | संजीव श्रेष्ठ | इन्जिनियर | खुर्कोट-रामेछाप-घोघुटार सडक | | |
| ३६. | प्रज्वल बिष्ट | इन्जिनियर | खुर्कोट – रामेछाप – घोघुटार सडक | | |

३७ बद्री नर्पाघरे [illegible] अध्यक्ष

३८. किसान न्यौपाने, सहायक प्रमुख जिल्ला अधिकारी, जि.प्र.का. रामेछाप

बैठकः जिल्ला विपद् व्यवस्थापन समिति
मितिः २०८१/०४/२७
ने.सं. ११४४ गुँलाथ्व ७ आइतबार
स्थानः जिल्ला प्रशासन कार्यालयको सभाहल
समयः दिनको ११:०० बजे

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रामेछाप

निर्णयहरुः

१. आ.ब. २०८०/८१ मा विपद् व्यवस्थापन सम्बन्धमा भएका गरेका कार्य तथा निर्णयहरुको कार्यान्वयनको विषयमा छलफल एवं समिक्षा गरियो।

२. गत आ.व. २०८०/८१ मा संघ तथा बागमती प्रदेश सरकारबाट प्राप्त रकम विपद्जन्य घटनाहरुबाट प्रभावितलाई वितरण भएको निम्न बमोजिम रकम अनुमोदन गरियो।

क) संघीय विपद् व्यवस्थापन कोषबाट वितरणः

| सि.नं. | विपदको प्रकृति | मृतक राहत | | तत्काल राहत | | उपचार खर्च | | अन्य (ढुवानी लगायत) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | |
| १ | आगलागी | ५ | १०,१५,०००/- | १०४ | १४,९२,०००/- | - | - | - | - |
| २. | बाढि पहिरो | - | - | १८ | २,२३,०००/- | - | - | - | - |
| कुल जम्मा | | ५ | १०,१५,०००/- | १२२ | १७,१५,०००/- | - | - | - | - |

ख) प्रदेश विपद् व्यवस्थापन कोषबाट वितरणः

| सि.नं. | विपदको प्रकृति | मृतक राहत | | तत्काल राहत | | उपचार खर्च | | अन्य (ढुवानी लगायत) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | |
| १ | आगलागी | ५ | २,६०,०००/- | ६१ | ५,८०,०००/- | - | - | - | - |
| कुल जम्मा | | ५ | २,६०,०००/- | ६१ | ५,८०,०००/- | - | - | - | - |

- आ.ब. २०८०/८१मा संघ तथा प्रदेश विपद् व्यवस्थापन कोषबाट जम्मा वितरण रु.३५,७०,०००/-

३. चालु आ.व. २०८१/८२ मा संघ तथा बागमती प्रदेशबाट प्राप्त रकम विपद्जन्य घटनाहरुबाट प्रभावितलाई वितरण भएको निम्न बमोजिम रकम अनुमोदन गरियो।

क) संघीय विपद् व्यवस्थापन कोषबाट वितरण रु. ७,१०,०००/-

ख) प्रदेश विपद व्यवस्थापन कोषबाट वितरण रु. १,९०,०००/-

- संघ तथा प्रदेश विपद् व्यवस्थापन कोषबाट जम्मा वितरण रु. ९,००,०००/-

४. मिति २०७८/१२/१२ गते रामेछाप नगरपालिका वडा नं. ७ रजायछापमा आगलागी भई ११ घर जली पूर्ण रुपमा नष्ट भएका लाभग्राहीहरुले नियमानुसार पाउने प्रथम किस्ता वापतको रकम उपलब्ध गराईसकिएकोमा दोस्रोको किस्ता वापतको रकमको लागि च.नं. २५९८, मिति २०८०/११/०१ मा श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा लेखी पठाइएकोमा हालसम्म उक्त रकम निकासा नभएकोले पुनः ताकेता गर्ने।

५. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१ को मस्यौदामा व्यापक छलफल गरियो। सो छलफलमा उठेका विषयहरु समावेश गरी परिमार्जन सहित स्वीकृत गर्ने।

६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ को कार्यान्वयनमा सम्बन्धित स्थानीय तहको स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समितिका सदस्यहरु एवं सरोकारवाला/आम नागरिक सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवारीपूर्वक सक्रिय भूमिका निर्वाह गर्ने।

७. सबै स्थानीय तहले प्रत्येक आ.ब. को प्रत्येक त्रैमासिकको पहिलो वा दोस्रो महिनामा स्थानीय विपद् व्यवस्थापन समितिको बैठकबसी क्षतिको विवरण एकीन गरी प्राविधिक प्रतिवेदनसहित जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य निकायमा रकम तथा राहत सामग्रीको लागि अनुरोध गर्ने।

८. यस अघि मिति २०८१/०२/२८ गते बसेको विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम नै यस अघि कुनै निकायबाट घर क्षति देखाई राहत लिईसकेका घरको लागि कुनै पनि विपद्बाट भएको क्षतिवापत क्षतिपूर्ति नदिने गरी सम्बन्धित स्थानीय तहले अग्रसरता लिई त्यस्तो तथ्याङ्क अद्यावधिक एवं व्यवस्थापन गर्ने।

९. जिल्लामा घट्न सक्ने विपद्को प्रकृति र अवस्था अनुसार खोज, उद्दार र राहत व्यवस्थापनमा देहाय बमोजिम गर्नेः-

- विपद्को घट्ना घट्नासाथ वा सूचना प्राप्त हुन साथ स्थानीयवासी, स्थानीय जनप्रतिनिधि र सुरक्षा निकायहरुले समन्वय गरी तत्काल खोज, उद्दारमा खटिने।
- तत्कालको राहत व्यवस्थापन सम्बन्धित स्थानीय तहले तत्कालै गर्ने र स्थानीय विपद् व्यवस्थापन समितिको बैठकबसी स्थानीय तहले मात्रै व्यवस्थापन गर्न नसक्ने अवस्थामा मात्र जिल्ला विपद् व्यवस्थापन समितिलाई र अन्य सरोकारवाला निकायको सहयोग माग गर्ने।
- तत्काल खोज, उद्दार र स्वास्थ्य उपचार बाहेक अस्थायी आश्रय एवं राहत व्यवस्थापनको सम्बन्धमा तत्काल स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको निर्णयका आधारमा घटनाको प्रकृति, क्षतिको अवस्था र अबको आवश्यकता एवं औचित्यसमेतको विश्लेषण गरेर मात्र जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय गर्ने र सम्बन्धित स्थानीय तह मार्फत एकद्वार प्रणालीबाट मात्रै व्यवस्थापन गर्ने।

१०. सबै स्थानीय तहहरुले आ-आफ्नो वडा तहसम्म यस अघिको विपद् व्यवस्थापन समितिले निर्णय गरी उपलब्ध गराएको न्यूनतम सामग्री सूचीमा नघट्ने गरी खोज उद्दार सामग्रीहरु व्यवस्थापन गर्ने। साथै आ-आफ्नो क्षेत्रको विपद् जोखिम न्यूनीकरण, उद्दार एवं राहत व्यवस्थापनको लागि बार्षिक बजेटमै व्यवस्था गरेर कार्यान्वयन गर्ने। जिल्ला विपद व्यवस्थापन समितिले उपलब्ध गराउने राहातको सन्दर्भमा स्थानीय विपद व्यवस्थापन समितिको निर्णयानुसार मात्र सिफारिस गर्ने ।

११. सबै स्थानीय तहहरुले सम्पूर्ण वडाहरुका प्रत्येक घरपरिवारको विवरण (घर नं., परिवार सदस्य संख्या, उमेर, स्वास्थ्य अवस्था, सुत्केरी वा गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति आदि खुल्ने) अध्यावधिक गर्ने र विपद्को समयमा उक्त तथ्याङ्कको आधारमा खोज, उद्दार र राहत व्यवस्थापन गर्ने।

१२. आ.व. २०८०/८१ र चालु आ.व.को हालसम्म विपद्जन्य घटनाबाट प्रभावित भएका व्यक्तिहरुलाई जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय रामेछापबाट वितरण गरिएको जम्मा ५५३ (पाँच सय त्रिपन्न) थान र भू-तथा जलाधार व्यवस्थापन कार्यालय रामेछापबाट वितरण भएको जम्मा ५५ (पचपन्न) थान तारजाली वितरण गरिएकोमा उक्त वितरणको विवरण अनुमोदन गरियो।

१३. चालु आ.व.मा यस जिल्लाका विभिन्न स्थानमा खेतीयोग्य जमिन वाढिपहिरोका कारणले क्षति भएको, खानेपानी, सिंचाई लगायतका संरचनाहरुमा क्षति भएकोले स्थानीय तह तथा विषयगत कार्यालयहरुले क्षतिको विवरण संकलन गरी थप क्षतिपूर्तिका लागि थप बजेट माग गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने।

१४. जिल्ला विपद् व्यवस्थापन समितिसँग भएको जिल्ला समन्वय समितिको हलभित्र रहेको विपद्का सबै सामग्रीहरु स्थानीय तहलाई हस्तान्तरण गर्ने

१५. विगत बर्षहरुको विपद् तथ्याङ्कको आधारमा जिल्लाका प्रमुख विपद् (बाढी, पहिरो, आगलागी/बनडढेलो, चटयाङ, सडक दुर्घटना आदि) को पूर्वतयारी एवं प्रतिकार्य स्थानीय तह र सरोकारवाला सबै निकायले आपसी समन्वय र सहकार्यमा अझै व्यवस्थित र प्रभावकारी बनाउन प्रयास गर्ने।